राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

१६ फागुन, २०७८

## वार्ता र संवादबाट समस्याको समाधान गर ।

नेपाल विद्यार्थी संघ र आंशिक प्राध्यापक संघसमेतबाट विभिन्न मागहरु राखी विगत केही महिनादेखि त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालय, शिक्षाध्यक्षको कार्यालय र रजिष्ट्रारको कार्यालयलगायतमा तालाबन्दी हुँदा बन्दबाट सिर्जित अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा आयोगले विश्वविद्यालयको स्थलगत अनुगमन, विद्यार्थीहरुसँग छलफल तथा विश्वविद्यालयका पदाधिकारीसँग जानकारी लिएको छ ।

जनकपुरस्थित युथ क्याम्पसलाई बीसीए (ब्याचलर अफ कम्प्युटर एप्लिकेसन) कार्यक्रमका लागि आफैंले दिएको सम्बन्धन खारेज गरिदिएको आरोप त्रि.वि. पदाधिकारीहरुलाई नेपाल विद्यार्थी संघले लगाएको र ती पदाधिकारीहरुलाई बर्खास्त गर्नुपर्ने माग राखेको अनुगमनको क्रममा पाइएको छ । त्रिभुवन विश्वविद्यालयका आंशिक प्राध्यापकहरुले पनि आफूहरुमाथि श्रम शोषण भएको र कामको उचित ज्याला नपाएको भन्दै आफूहरुलाई दैनिक ज्यालादारीबाट मासिक ज्यालादारीमा लैजानुपर्ने माग राखी तालाबन्दी गरेको जानकारी प्राप्त भएको छ ।

विश्वविद्यालय जस्तो प्राज्ञिक निकाय लामो समयदेखि बन्द हुँदा विश्वविद्यालयसँग सम्बन्धित शैक्षिक तथा प्रशासनिक कार्यहरुमा असर परिरहेको देखिन्छ । संयुक्त राष्ट्रसंघको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १३ र नेपालको संविधानको धारा ३१ ले शिक्षाको अधिकार उपभोग गर्ने हकको सुनिश्चितता गरेको छ ।

अत: विभिन्न माग राखी शैक्षिक संस्थामा लामो समयदेखि तालाबन्दी गरिँदा शिक्षाको अधिकार उपभोगमा पर्न जाने असरप्रति संवेदनशील भई वार्ताको माध्यमबाट समस्याको समाधान खोज्न, विश्वविद्यालयबाट सञ्चालन हुने पठनपाठन, परीक्षालगायतका कुनै नियमित गतिविधिमा अवरोध नपुर्‍याउन, आन्दोलनरत पक्ष र पदाधिकारीहरु बीच वार्ताको वातावरण बनाई विद्यार्थीहरुको पठनपाठन गर्न पाउने अधिकारको संरक्षणका लागि आवश्यक पहल गर्न आयोग त्रिभुवन विश्वविद्यालय पदाधिकारी तथा सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org